तारकेश्वर नगरपालिका

तारकेश्वर नगरपालिका


# स्थानीय राजपत्र

| भाग २ | खण्ड १० | संख्या ६ | मिति: २०८३/०३/२२ |
|---|---|---|---|


*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०३/१८*
*प्रमाणिकरण मिति २०८३/०३/१९*

# तारकेश्वर नगरपालिकाको घरपालुवा तथा छाडा चौपाया, कुकुर तथा बिरालो व्यवस्थापन कार्यविधि, २०८३

तारकेश्वर नगरपालिकाको क्षेत्रभित्र स्वच्छ, सुरक्षित तथा व्यवस्थित वातावरण कायम राख्न, घरपालुवा तथा छाडा चौपाया, कुकुर तथा बिरालोबाट उत्पन्न हुने प्रदूषण, सडक दुर्घटना तथा जनस्वास्थ्यसम्बन्धी जोखिम न्यूनीकरण गर्न, पशु कल्याण प्रवर्द्धन गर्न तथा सोसम्बन्धी व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम तारकेश्वर नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"घरपालुवा तथा छाडा चौपाया, कुकुर तथा बिरालो व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि **तारकेश्वर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।**

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) **"घरपालुवा जनावर"** भन्नाले व्यक्तिले आफ्नो घर, आँगन वा परिसरभित्र पालनपोषण गर्ने गाई, भैंसी, बाख्रा, भेडा, कुकुर, बिरालो लगायतका जनावर सम्झनुपर्छ।

(ख) **"घरपालुवा कुकुर तथा बिरालो"** भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर, आँगन वा परिसरभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएका कुकर तथा बिरालो सम्झनुपर्छ ।

(ग) **"छाडा चौपाया"** भन्नाले कुनै व्यक्तिको नियन्त्रण वा स्वामित्वमा नरही सार्वजनिक सडक, खुला स्थान वा अन्य सार्वजनिक क्षेत्रमा घुमिरहेको जनावर सम्झनुपर्छ।

(घ) **"सामुदायिक कुकुर तथा बिरालो"** भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा नरही समुदायमा बसोबास गराएका कुकर तथा बिरालो सम्झनुपर्छ।

(ङ) **"नगरपालिका"** भन्नाले तारकेश्वर नगरपालिका सम्झनुपर्छ।

(च) **"कार्यपालिका"** भन्नाले तारकेश्वर नगर कार्यपालिका सम्झनुपर्छ।

(छ) **"वडा कार्यालय"** भन्नाले तारकेश्वर नगरपालिका मातहतमा रहेका ११ वटै वडा कार्यालय सम्झनुपर्छ।

(ज) **"पशु सेवा शाखा"** भन्नाले तारकेश्वर नगरपालिकाको पशु सेवा शाखा सम्झनुपर्छ।

## परिच्छेद–२

## घरपालुवा कुकुर तथा बिरालो दर्ता सम्बन्धी व्यवस्था

**३. घरपालुवा कुकुर तथा बिरालो दर्ता गर्नुपर्ने:**

(१) नगरपालिकाको स्वीकृति विना कसैले पनि घरपालुवा कुकुर वा बिरालो पाल्न पाउने छैन।

(२) कुनै व्यक्तिले कुकुर वा बिरालो पाल्न चाहेमा सम्बन्धित वडा कार्यालयमार्फत नगरपालिकामा दर्ता गराउनुपर्नेछ।

(३) यो कार्यविधि लागू हुनुपूर्व नै पालिएका कुकुर वा बिरालोको हकमा कार्यविधि लागू भएको मितिले तीन महिनाभित्र दर्ता गराइसक्नुपर्नेछ।

(४) नगरपालिकाले घरपालुवा कुकुर तथा बिरालो दर्ताका लागि सूचना प्रकाशन गर्नेछ।

(५) नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकर तथा बिरालो दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ।

**४. दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्थाः**

(१) कुनै व्यक्ति वा संस्थाले आफ्नो घर, आँगन वा परिसरभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि कुकुर तथा बिरालो राख्न वा पाल्न चाहेमा दर्ता प्रयोजनका लागि अनुसूची–१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) वडा कार्यालयले आवश्यक जाँचबुझ गरी नगरपालिकाको पशु सेवा शाखामा दर्ताका लागि सिफारिस गर्नेछ।

(३) पशु सेवा शाखाले दर्ता गरी अनुसूची–२ बमोजिमको दर्ता प्रमाणपत्र जारी गर्नेछ।

(४) यसरी दर्ता भएका कुकुर तथा बिरालोको प्रमाणपत्र आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा नवीकरण गराउनुपर्नेछ।

**५. दर्ता तथा नवीकरण दस्तुरः**

(१) घरपालुवा कुकुर तथा बिरालो दर्ता तथा नवीकरण दस्तुर तारकेश्वर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लाग्नेछ।

(२) यो दस्तुर निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ।

## परिच्छेद–३

## घरपालुवा जनावर सम्बन्धी अन्य व्यवस्था

**६. कुकुर तथा बिरालो पालकको दायित्वः**

घरपालुवा कुकुर वा बिरालो पाल्ने व्यक्तिको दायित्व देहाय बमोजिम हुनेछ—

(१) आफुले पालेका घरपालुवा जनावरलाई आफ्नो घर तथा कम्पाउण्डभन्दा बाहिर जथाभावी छोड्न तथा दिशा पिसाब गराउन पाइनेछैन।

(२) जनावरलाई आवश्यक खोप तथा उपचार समयमै गराउनुपर्नेछ।

(३) छिमेकी तथा सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी जनावरको पालनपोषण गर्नुपर्नेछ।

(४) कुकुर वा बिरालोले कसैलाई क्षति पुऱ्याएमा सोको उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धित व्यक्ति वा संस्थाले व्यहोर्नुपर्नेछ।

(५) आफुले पालेका जनावर हराएमा वा मृत्यु भएमा नगरपालिकालाई जानकारी गराउने।

(६) आफुले पालेका जनावरहरु कुनै कारणबस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा पशु सेवा शाखाको रोहवरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ।

**७. व्यवसायसम्बन्धी व्यवस्थाः**

नगरपालिका क्षेत्रभित्र कुकुर तथा बिरालोको खरिद बिक्री गर्नका लागि व्यवसाय संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) घरपालुका कुकुर तथा बिरालोको खरिद बिक्री गर्नका लागि सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गर्नुपर्नेछ।

(२) व्यवसायीहरुले कुकुर तथा बिरालो बिक्री गर्दा पशु सेवा शाखामा प्रचलित कानून बमोजिम दर्ता गराएर मात्र बिक्री गर्नुपर्नेछ।

(३) व्यवसायीहरुले व्यवसाय नवीकरण गर्दा सो व्यवसाय मार्फत वर्षभरि भएकव खरिद बिक्रीको प्रमाणित तथ्याङ्क बुझाउनुपर्नेछ।

(४) रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले पशु सेवा शाखा तथा सम्बन्धित व्यक्ति वा संस्था वा व्यवसायीसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा शिविर सञ्चालन गर्न सक्नेछन्।

**८. घरपालुका कुकुर तथा बिरालो दर्ता गराए वापत नगरपालिका दिने सेवा सुविधाः**

नगरपालिकाभित्र घरपालुवा कुकुर तथा बिरालो दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछः

(१) परिचय नं. सहितको घाँटीमा बाँध्ने बेल्ट वा ट्याग वा डिजिटल ट्यागिङ दिइनेछ ।

(२) एक पटकको लागि रेबिज खोप- १ डोजको सुविधा दिइनेछ ।

(३) आन्तरिक तथा बाह्य परिजिवि विरुद्धको औषधिको सुविधा दिइनेछ।

(४) नगरपालिकाका भेटेरीनरी डाक्टरहरुद्वारा पशु सेवा शाखामा निःशुल्क परामर्श तथा स्वास्थ्य परीक्षणको सेवा दिइनेछ।

## परिच्छेद–४

## सामुदायिक कुकुर व्यवस्थापन

**९. सामुदायिक कुकुर व्यवस्थापन**

नगरपालिकाले सामुदायिक कुकुर व्यवस्थापनका लागि देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछ—

(१) नसबन्दी कार्यक्रम सञ्चालन गर्ने।

(२) रेबिज खोप कार्यक्रम सञ्चालन गर्ने।

(३) कुकुर उद्धार तथा उपचार गर्ने।

(४) कुकुरको पहिचानका लागि ट्र्यागिङ्ग गर्ने।

## परिच्छेद–५

## छाडा चौपाया व्यवस्थापन

**१०. छाडा चौपाया उद्धार तथा नियन्त्रणः**

(१) नगरपालिकाको क्षेत्रभित्र सार्वजनिक सडक, पार्क, बजार क्षेत्र, मन्दिर परिसर, सार्वजनिक संस्थान तथा अन्य सार्वजनिक स्थानमा छाडा रूपमा घुमिरहेका चौपायाबाट सार्वजनिक आवागमन, सरसफाइ, वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल प्रभाव परेको देखिएमा नगरपालिकाले त्यस्ता चौपायालाई आवश्यक प्रक्रिया अपनाई उद्धार तथा नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका चौपायालाई नगरपालिकाले तोकेको पशु आश्रय केन्द्र, गौशाला वा अन्य सुरक्षित स्थानमा राखी आवश्यक संरक्षण, उपचार तथा व्यवस्थापन गर्नेछ।

(३) नियन्त्रणमा लिइएका चौपायामध्ये कुनै जनावर घाइते, बिरामी वा कमजोर अवस्थामा भेटिएमा नगरपालिकाको पशु सेवा शाखामार्फत आवश्यक उपचार तथा स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ।

(४) नियन्त्रणमा लिइएका चौपायाको स्वामित्व प्रमाणित गर्ने व्यक्ति वा संस्थाले आवश्यक कागजात पेश गरी नगरपालिकाले तोकेको जरिवाना तथा व्यवस्थापन खर्च बुझाई त्यस्ता चौपायालाई फिर्ता लैजान सक्नेछ।

(५) निश्चित समयसम्म कसैले स्वामित्व दाबी नगरेका चौपायालाई नगरपालिकाले प्रचलित कानून तथा यस कार्यविधि बमोजिम गोशाला, आश्रय केन्द्र वा अन्य उपयुक्त स्थानमा व्यवस्थापन गर्न सक्नेछ।

(६) नगरपालिकाले छाडा चौपाया उद्धार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आवश्यक परेमा गौशाला, पशु कल्याण संस्था, गैरसरकारी संस्था तथा सामुदायिक संघसंस्थासँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

**११. छाडा चौपाया व्यवस्थापन समिति गठनः**

(१) नगरपालिकाभित्र छाडा चौपाया उद्धार, नियन्त्रण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको छाडा चौपाया व्यवस्थापन समिति गठन गरिनेछः

क) नगर उपप्रमुख – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष (आवश्यकता अनुसार) – सदस्य

घ) पशु कल्याण क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधि – सदस्य

ङ) वातावरण तथा सरसफाई शाखा प्रमुख – सदस्य

च) नगर प्रहरी प्रमुख – सदस्य

छ) पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले देहाय बमोजिमका कार्य गर्नेछः

क) नगरपालिकाभित्र छाडा चौपाया व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

ख) छाडा चौपाया उद्धार तथा आश्रय व्यवस्थापनको समन्वय गर्ने ।

ग) नसबन्दी, खोप तथा उपचार कार्यक्रम सञ्चालन गर्ने ।

घ) गौशाला, पशु आश्रय केन्द्र तथा सम्बन्धित संस्थासँग समन्वय गर्ने ।

ङ) चौपाया व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**१२. छाडा चौपाया नियन्त्रण तथा जरिवानाः**

(१) कसैले आफ्नो चौपाया सार्वजनिक सडक, पार्क, बजार क्षेत्र, सरकारी कार्यालय परिसर वा अन्य सार्वजनिक स्थानमा छाडा छोडेमा नगरपालिकाले त्यस्तो चौपायालाई नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको चौपायाको स्वामीले त्यस्तो चौपाया फिर्ता लिन चाहेमा नगरपालिकाले तोकेको जरिवाना तथा व्यवस्थापन खर्च बुझाउनुपर्नेछ ।

(३) चौपायाबाट सार्वजनिक सम्पत्तिमा क्षति पुगेमा सोको क्षतिपूर्ति सम्बन्धित चौपायाको स्वामीले व्यहोर्नुपर्नेछ ।

**१३. छाडा चौपाया लिलाम वा हस्तान्तरण सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाद्वारा नियन्त्रणमा लिइएका चौपायाको स्वामीले १५ दिनभित्र दाबी नगरेमा त्यस्ता चौपायालाई नगरपालिकाले व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी नभएका चौपायालाई नगरपालिकाले देहाय बमोजिम व्यवस्थापन गर्न सक्नेछः

क) गौशाला वा पशु आश्रय केन्द्रलाई हस्तान्तरण गर्ने ।

ख) सामुदायिक संस्था वा कृषकलाई पालनपोषणका लागि हस्तान्तरण गर्ने ।

ग) आवश्यक परेमा प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने ।

(३) लिलाम वा हस्तान्तरणबाट प्राप्त रकम नगरपालिकाको राजस्व खातामा जम्मा गरिनेछ ।

## परिच्छेद–६

## दण्ड सजाय

**१४. दण्ड जरिवाना**

(१) सार्वजनिक स्थानमा चौपाया छाडा छोड्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

क) पहिलो पटक – रु. १,०००

ख) दोस्रो पटक – रु. २,०००

ग) तेस्रो पटक वा सोभन्दा बढी – रु. ५,००० सम्म

(२) कुकुर वा बिरालो दर्ता नगरी पाल्ने व्यक्तिलाई **रु. ५०० जरिवाना** गरी नियमानुसार दर्ता तथा नवीकरण गर्न नगरपालिकाले निर्देशन दिनेछ ।

(३) पशु क्रूरता गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

## परिच्छेद–७

## विविध

**१५. अनुगमन तथा निर्देशनः** यस कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिकाको पशु सेवा शाखा तथा सम्बन्धित वडा कार्यालयको हुनेछ।

**१६. खर्च व्यवस्थापनः**

यस कार्यविधि कार्यान्वयन गर्न लाग्ने खर्च नगरपालिकाको स्वीकृत वार्षिक बजेटबाट व्यहोर्नेछ।

**१७. बाधा अड्काउ फुकाउने अधिकारः**

कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ।

## अनुसूची-१
## (दफा ४(१) सँग सम्बन्धित)

श्री वडा अध्यक्षज्यू
..... नं. वडा कार्यालय,
तारकेश्वर नगरपालिका, काठमाडौं ।

विषयः कुकुर / बिरालो दर्ता सिफारिस सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा तारकेश्वर नगरपालिकाको घरपालुका तथा छाडा चौपाया, कुकुर तथा बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ बमोजिम तपसिल बमोजिमको विवरण भएको कुकुर/बिरालोको नाम दर्ता गरी पालन गर्न सिफारिस प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

**कुकुर / बिरालोको विवरण**

| | |
|---|---|
| कुकुर / बिरालोको धनिको नाम, थरः | |
| ठेगानाः | |
| घर नम्बरः | |
| कुकुर/बिरालोको जात, नामः | |
| रङः | |
| लिङ्गः | |
| उमेरः | |
| खुल्ला जमिनको क्षेत्रफलः | |
| कुकुर/बिरालो पालन शुरु गरेको वर्षः | |
| खोप लगाएको विवरणः | रेविज<br>डिस्टेम्पर<br>अन्य |
| जुका विरुद्ध औषधि खुवाएको विवरणः | |
| केहि विवरण भएमा उल्लेख गर्नेः | |

**संलग्न कागजातहरुः**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- कुकुर/बिरालोको खोप कार्डको प्रतिलिपि

निवेदक

नाम, थरः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

## अनुसूची-२
## (दफा ४(३) सँग सम्बन्धित)

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

धर्मस्थली, काठमाडौं

## घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-पत्र

दर्ता नं.: __________

मिति: ___________

यसद्वारा प्रमाणित गरिन्छ कि देहाय बमोजिम विवरण भएको घरपालुवा कुकुर/बिरालो तारकेश्वर नगरपालिकाको "घरपालुवा तथा छाडा चौपाया, कुकुर तथा बिरालो व्यवस्थापन कार्यविधि, २०८२" बमोजिम दर्ता गरिएको छ ।

### १. जनावरको धनीको विवरण

नाम, थर: ____________________________________

नागरिकता नं.: __________________________________

ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं.: ______ टोल: ________________

सम्पर्क नं.: ___________________________________

### २. कुकुर/बिरालोको विवरण

जनावरको प्रकार: कुकुर / बिरालो बोलाउने नाम: ________________________________

जात (Breed): __________________________________

रङ्ग: _____________ लिङ्ग: _____________ उमेर: _____________

ट्याग नं.: ______________________________

**३. प्रमाणपत्र नवीकरणको विवरणः**

| आर्थिक वर्ष | दस्तुर र मिति | पशु स्वास्थ्य परीक्षण गरिएको मिति | खोप लगाएको विवरण | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अनिवार्य नवीकरण गराउनुपर्नेछ ।

प्रमाणपत्र जारी गर्नेको,

दस्तखत:

नाम:

पद:

(कार्यालयको छाप)

**आज्ञाले,**

**प्रमुख प्रशासकीय अधिकृत**

**धर्मराज लम्साल**